नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

## परियोजना कार्यान्वयन इकाई

## गुल्मी

प.सं.:

च.नं.:

मिति: २०७७/०९/०१

**कार्यक्रम माग तथा संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना**

**दोस्रो पटक सूचना प्रकाशित मिति:- २०७७/०९/०१**

**सूचना नं: ०८**

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, गुल्मीको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपशिल बमोजिमका कार्यक्रमहरु संचालनका लागि जोन/सुपरजोन क्षेत्रबाट सुचिकृत भएका कृषक समुह/कृषक सहकारी/कृषि फर्म/कम्पनी/कृषि उद्यमीहरुबाट प्रथम पटक सूचना प्रकाशन गर्दा प्रयाप्त आवेदन प्राप्त नभएकाले दोस्रो पटकको लागि **मिति २०७७/०९/०१ गते देखि मिति २०७७/०९/१५ गते** सम्म १५ दिने सूचना प्रकाशन गरिएकोले सो अवधि भित्र कार्यालय समयमा परियोजना कार्यान्वयन इकाई, गुल्मीमा प्रस्ताव दर्ता गराउनु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै आवेदन प्रस्ताव फारम परियोजना कार्यान्वयन इकाई, गुल्मी वा सम्बन्धित स्थानीय तहको कार्यालयबाट वा कार्यालयको वेभसाईट https://www.piugulmi.pmamp.gov.np/ प्राप्त गर्न सकिने व्यहोरा जानकारीका लागि अनुरोध छ। म्याद भित्र प्राप्त भएका आवेदन प्रस्तावहरुको छनौट परियोजना कार्यान्वयन म्यानुअल-२०७७ ले तोके बमोजिम हुने कुरा जानकारी गराईन्छ।

**तपशिल:**

| सि.नं | कार्यक्रम/क्रियाकलाप | परियोजनाबाट व्यहोर्ने अनुदान प्रतिशत | वार्षिक लक्ष्य | कार्यक्रम सञ्चालन हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १. | सुन्तलाजात फलफूल क्षेत्रफल विस्तार कार्यक्रम | बढिमा ५०% | १०० हे. | सुन्तलाजात फलफूल जोन क्षेत्र | समुह/सहकारीको हकमा कम्तिमा १५० रोपनी क्षेत्रफल र नीजि उद्यमीको हकमा कम्तिमा १० रोपनी क्षेत्रफल हुनु पर्ने। |
| २. | मकै क्षेत्रफल विस्तार कार्यक्रम | बढिमा ५०% | ३०० हे. | मकै जोन क्षेत्र | समुह/सहकारीको हकमा कम्तिमा १५० रोपनी क्षेत्रफल र नीजि उद्यमीको हकमा कम्तिमा १० रोपनी क्षेत्रफल हुनु पर्ने। |
| ३. | कफी क्षेत्रफल विस्तार कार्यक्रम | बढिमा ५०% | १०० हे. | कफी सुपरजोन क्षेत्र | कम्तिमा १५० रोपनी क्षेत्रफलको कलस्टरको लागि एउटै ब्लक भित्र कम्तिमा ५० रोपनीको ३ वटा सहायक कलस्टर बनाउने प्रतिबद्धता हुनु पर्ने। |
| ४. | बगैंचा सुदृढिकरण कार्यक्रम (सुक्ष्म तत्व, निलोतुथो तथा चुना अनुदानमा) | बढिमा ५०% | १०० हे. | सुन्तलाजात फलफूल जोन/ कफी सुपरजोन क्षेत्र | समुह/सहकारीको हकमा कम्तिमा १५० रोपनी क्षेत्रफल र नीजि उद्यमीको हकमा कम्तिमा ५ रोपनी क्षेत्रफल भएको भएको हुनु पर्ने। |
| ५. | प्याकेजिङ्ग, लेवलिङ्ग तथा पोष्ट हार्भेष्ट क्षती न्यूनिकरण कार्यक्रम | बढिमा ५०% | आवश्यकता अनुसार | जोन/सुपरजोन क्षेत्र | उत्पादन उप्रान्त गर्ने क्रियाकलापको लागि चाहिने पोष्टहार्भेष्ट सेन्टर तथा प्रशोधन केन्द्रको संरचना हुनु पर्ने। |

**प्रस्तावका साथ अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरु:**

१.रु. १० को टिकट टाँस गरि निवेदन। २.परियोजना कार्यान्वयन इकाईले तयार गरेको रित पूर्वक भरेको आवेदन फारम। ३.कृषक समुह/कृषि फर्म/ कम्पनी /कृषि उद्यमी दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपि। ४.लेखा परिक्षण प्रतिवेदन, कर चुक्ता र स्थायी लेखा नंबर प्रमाणपत्रको प्रतिलिपि। ५.कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा। ६.कृषक समुह/कृषक सहकारी/कृषि फर्म/कम्पनी/कृषि उद्यमीको प्रमुख वा अध्यक्ष र निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि। ७.कार्यक्रम माग सम्बन्धी बैठकको निर्णयको प्रतिलिपी। ८.सम्बन्धित स्थानीय तहको वडाको सिफारिस र अन्य कैफियतमा उल्लेख गरिएका कागजातहरु।

सुमन खनाल
अधिकृत



E-mail: pmamp.piu.gulmi@gmail.com, Web: piugulmi.pmamp.gov.np